## निर्णय नं. १

मिति २०८०-१-७ मा सम्पन्न नगरकार्यपालिकाको वैठकवाट भएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा भएका निम्न कार्यहरुको समिक्षा गरियो ।

१. नगरपालिका क्षेत्र भित्रको जग्गाको वर्गिकरण गर्न सेवा करार गरिएको परामर्शदाताले मस्यौदा प्रतिवेदन तयार गरी नगरकार्यपालिकाको कार्यालयमा पाप्त नभएकोले वडामा पठाउन नसकिएको ।
२. स्वीकृत स्थानीय पाठ्यक्रम ,चालु आसहयोग अनुदान शिक्षण विज्ञान,गणित,अंग्रेजी मा.व. कक्षा ९-१० र अंग्रेजी□ कक्षा) अनुदान शिक्षण विज्ञान,गणित,-८कार्यक्रम ( कार्यान्वयनका लागि सम्वन्धित शाखामा पठाएको ।
३. सामुदायिक विद्यालयहरुको आ .व.2078/079 को लेखापरिक्षण गर्न लेखापरिक्षकलाई नियुक्त गरिएको ।
४. आ .व.2080/81 मा धनकुटा नगरपालिका क्षेत्र भित्र सिचाइ योजना सञ्चालन गर्न निर्णय भइ सकेका सिचाइ योजनालाइ समावेश गरिदिन सङ्घिय सरकार प्रदेश सरकार समक्ष अनुरोध गरी पठाएको ।
५. धनकुटा नगरपालिकाका वडाहरुको चालु आ कार्यक्रमको स्वीकृत मा .व.भएको शीर्षकपरिवर्तन कार्यान्वयन भएको ।
६. आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश विराटनगरमा समपुरक अनुदानवाट सञ्चालन गर्ने दुइ वटा योजना सञ्चालन गर्न कुल लागत अनुमानको पैतिस प्रतिशत नगरपालिकाले व्यहोर्ने गरी प्रस्ताव पठाएको ।
७. निर्णय भएको भूमी व्यवस्था समितिको कार्य क्षेत्र उल्लखितपत्र दिन वाकी रहेको ।

## निर्णय नं. २

नेपाल सरकार अर्थ मन्त्रालय वितीय संघीयता समन्वय महाशाखाको मिति २०८०/१/१४ च.न.१२१ को पत्रवाट २०७९।०८० मा हस्तान्तरण हुन वाकी अन्तिम किस्ताको वित्तीय समानीकरण अनुदान विनियोजन ऐन २०७९ को दफा ४ को उपदफा (३) वमोजिम हाललाइ पचास प्रतिशतले हुन आउने रकम मात्र हस्तान्तरण गर्ने नेपाल सरकारको २०८०/१/१२ को निर्णय कार्यान्वयन गर्न महालेखा नियन्त्रक कार्यालयलाइ लेखि पठाएको हुनाले संघ र प्रदेशवाट आउनु पर्ने वित्तीय समानीकरण अनुदानपचास प्रतिशतले काटिएको पत्र प्राप्त भएको हुनाले चालु अ.व.का स्वीकृत नगर स्तरीय र वडा स्तरीय योजनाको पुरा रकम भुक्तानी गर्न नसकिने हुनाले सम्झौता भएका र सम्झौता हुन वाकी रहेका योजनालाइ निरन्तरता दिइ भुक्तानी गर्न अपुग रकम आगामी अ.व.लाइ दायित्व कायम गरी भुक्तानी गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

धनकुटा नगरपालिकावडा न.५ को विहिवारे हटियामा वडा कार्यालय भवन निर्माणका लागि महालक्ष्मी कन्स्ट्रक्सन धनकुटासँग सम्झौता भइ कार्यादेश दिएर काम भइरहेको अवस्थामा स्थानीय वासिन्दाहरुले

निर्माण कार्य नगर्न रोक्न पटक पटक लिखित तथा मौखिक उजुरी गर्ने,डेलिगेशन आउने गरी उक्त स्थानमा वडा कार्यालय भवन निर्माणमा अवरोध पुर्याएका हुनाले हाल सम्म गरेको कामको मूल्याङ्कन अनुसार अन्य स्रोत व्यवस्थापन गरी निर्माण व्यवसायी महालक्ष्मी कन्स्ट्रक्सनलाइ भुक्तानी दिइ विहिवारे हटिया माथिको लुङ्दाङ खानेपानीको नाममा दर्ता कायम रहेको कि.न.१३ क्षेत्रफल २–१–१–० मध्येवाट एक रोपनी जग्गा वडा कार्यालय भवन निर्माणका लागि भोगाधिकार उपलव्ध गराइदिन धनकुटा खानेपानी उपभोक्ता समितिलाइ अनुरोध गरी भोगाधिकार लिइ सो स्थानमा पूर्ववत वडा भवन निर्माण ठेक्का सम्झौतानुसारको वडा कार्यालय भवन निर्माण कार्य अगाडि वढाउने वडा भवन निर्माणका लागि स्वीकृत रकममाजमिन सम्याउने वाल लगाउने लगायत थप कार्यमा अपुग हुन आउने रकम अन्य स्रोतवाट व्यहोरगर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

धनकुटा नगरपालिकामा रहेका दुइ वटा वारुणयन्त्रका चालकहरुमध्ये वेचन सरदारले वारुणयन्त्र चलाए वापत पाउने सुविधा पाइरहेको तर अर्को चालक दिपेश भूजेलले उक्त सुविधा नपाएको हुनाले निजलाइ वारुणयन्त्र चलाउने थप जिम्मेवारी दिइवारुणयन्त्र चालकले पाउने भत्ता,रासन लगायतका सुविधा दिपेश भूजेललाइ पनि उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ५

धनकुटा नगरपालिकाको आगामी आ.व.को वार्षिक वजेट नीति तथा कार्यक्रम र आय व्ययको अनुमान तयार गरी स्वीकृत गर्ने गरी निम्नानुसार योजना तर्जुमा कार्य तालीका स्वीकृत गर्ने निर्णय गरियो ।

निम्न

१. योजना तर्जूमा प्रकृया सम्वन्धी अभिमुखिकरण,– २०८०/०२/१ गते ११.००वजे
२. स्थानीय राजश्व परामर्श समितिको वैठक –२०८०/०२/२
३. आगामी ३ आ.व.मा हुने खर्चको प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना सहित सार्वजनिक खर्चको विवरण तयारी – २०८०/०२/८ सम्म
४. संघ,प्रदेश को अनुदान राजश्व बाँडपाँडको सिमा र मार्ग दर्शन तयारी तयारी –२०८०/०२/११
५. गैसस,उपभोक्ता समिति सहकारीसँग वजेट तथा योजना सम्वन्धमा पूर्व वजेट छलफल –२०८०/०२/१२
६. कुल वजेट अनुमान सिमा निर्धारण र वजेट तर्जुमा २०८०/०२/१४
७. नीति तथा कार्यक्रम ,वजेट सिमा र मार्गदर्शन कार्यपालिकावाट स्वीकृत –२०८०/०२/१७
८. नीति तथा कार्यक्रम सभावाट स्वीकृत –२०८०/०२/१९
९. टोल वस्ती स्तरमा योजना छनौट –२०८०/०२/२३
९. वडा सभा – २०८०/०२/२५
१०. विषयगत शाखा, महाशाखाबाट विषयगत क्षेत्रका योजना कार्यक्रमको प्राथमिकता निर्धारण र संकेतीकरण–२०८०/०२/३० सम्म
११. वजेट तथो कार्यक्रमको तयारी –२०८०/०२/३२
१२. गैसस तथा विकास साझेदारसँग बैठक –२०८०/०३/१
१३. आर्थिक विधेयकको तयारी –२०८०/०३/३ सम्म
१४. विनियोजन विधेयकको खाका तयारी –२०८०/०३/५ सम्म
१५. कार्यपालिकाको वैठक –२०८०/०३/७

१६. नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम प्रस्तुती –२०८०/०३/१०

## निर्णय नं. ६

धनकुटा नगरकार्यपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री रामवहादुर थापा मिति २०८०/२/८ गते देखि अनिवार्य अवकास हुनुहुने भएको हुनाले नगरकार्यपापिलकाको तर्फवाट रु २५००००/०  विशेष  सम्मान स्वरुप उपलव्ध गराउने निर्णय गरियो ।